शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः ९ मितिः २०८२।०९।३०

भाग-१

शिवराज नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम शिवराज नगरसभाले यो **"शिवराज नगरपालिकाको आर्थिक (पहिलो संशोधन) ऐन, २०८२"** जारी गरेको छ ।

शिवराज नगरपालिकाको आर्थिक (पहिलो संशोधन) ऐन, २०८२

प्रस्तावनाः शिवराज नगरपालिकाको आर्थिक ऐन, २०८२ ले प्रस्ताव गरे बमोजिम स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनीक व्यवस्था गर्न बनेका कर तथा शुल्कका दर र दायरामा समय सापेक्ष संशोधन गर्न तथा केही नयाँ करका दर दायराहरु थप गर्न शिवराज नगरपालिकाको आर्थिक ऐन, २०८२ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम शिवराज नगरपालिकाको नगर सभाको अठारौं अधिवेशनबाट यो ऐन तर्जुमा गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१. यस ऐनको नाम शिवराज नगरपालिकाको आर्थिक (पहिलो संशोधन) ऐन, २०८२ हुनेछ।

२ यो ऐन शिवराज नगरपालिकाको नगर सभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात प्रारम्भ हुनेछ।

२. शिवराज नगरपालिकाको आर्थिक ऐन, २०८२ मा देहाय बमोजिम संशोधन गर्न बाञ्छनीय भएकोले केही नयाँ करका दर दायराहरु थप गरिएको छ ।

१. वातावरण संरक्षण शुल्कः शिवराज नगरपालिका भित्र संचालित उद्योहरुका लागि **अनुसूची -१** मा व्यवस्था भए बमोजिम वातावरण संरक्षण शुल्क लगाइने र असूल उपर गरिनेछ ।

२. सरसफाई सम्बन्धी शुल्कः

क. शिवराज नगरपालिका क्षेत्रभित्र सरसफाई व्यवस्थापनका लागि **अनुसूची - २ "क"** मा व्यवस्था भए बमोजिम सरसफाई शुल्क लगाइने र असूल गरिनेछ ।

ख. संजिवनी अगाडिको सार्वजनिक शौचालय र चन्द्रौटा हाट बजारको शौचालयको खानेपानी तथा बिद्युत महसुलः **अनुसूची - २ "ख"** बमोजिम हुनेछ ।

३. **सेवा शुल्क, दस्तुर सम्बन्धीः** शिवराज नगरपालिकाले निर्माण,संचालन वा व्यवस्थापन गरेका **अनुसूची -३** मा उल्लेखित स्थानीय पुर्वधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार सिफारिस दस्तुर र अन्य शुल्क असूल उपर गरिनेछ ।

४. अन्य कर तथा शुल्क साविककै **शिवराज नगरपालिकाको आर्थिक ऐन, २०८२** अनुसार लगाइने र असूल उपर गरिनेछ ।

अनुसूची १

ऐनको दफा २ (१) सँग सम्बन्धित

वातावरण संरक्षण शुल्क

क. उद्योगहरुबाट उत्पादित निम्न प्रकृतिका वस्तुहरुमा उद्योगी स्वयंले घोषणा गरेको परिमाणको आधारमा देहाय बमोजिमको वातावरण संरक्षण शुल्कः लगाइने निर्णय गरियो र असूल उपर गरिनेछ ।

निम्न :

१.	सिमेन्ट उद्योग	उत्पादित प्रति बोरा रु. १
२.	इट्टा उद्योग	प्रति उद्योग वार्षिक २५ हजार
३.	प्लाइ उद्योग	प्रति उद्योग वार्षिक २५ हजार
४.	फलामे छड	उत्पादिन प्रति क्विन्टल रु.१
५.	खोटो प्रशोधन	उत्पादिन प्रति क्विन्टल रु.१
६.	डिस्टिलरी	उत्पादित प्रति लिटर रु.१
७.	मैदा उद्योग	उत्पादित प्रति क्विन्टल रु.१
८.	गुट्खा सुर्ती उद्योग	प्रति उद्योग वार्षिक १ लाख
९.	केशर उद्योग	प्रति उद्योग वार्षिक ५० हजार
१०.	हाड पिसानी	प्रति उद्योग बार्षिक २५ हजार
११.	कंक्रीट तथा रेडिमिक्स	प्रति उद्योग बार्षिक २० हजार

अनुसूची - २ "क"
ऐनको दफा २ (२) "क" सँग सम्बन्धित
सरसफाई सम्बन्धी शुल्कः

क. आ.ब. २०८२/०८३ मा तपसिलका शिर्षकहरुमा देहाय बमोजिम शुल्क निर्धारण गरि ठेक्का वन्दोवस्तीका माध्यमबाट शिवराज नगरपालिकामा सरसफाई कार्यको लागि तपसिल बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

तपसिल

क्र.स.	विवरण	साविक रकम (२०८१/०८२)	आ.ब.०८२/०८३ रकम
दैनिक कुचिकार/टिप्पर/ट्र्याक्टर जाने ठाउँमा र मुल सडकहरु			
क	होटल व्यवसायी ग्यारेज र वर्कशपलाई मासिक	रु. १६०	रु. २००
ख	रेष्टुरेण्ट व्यवसायीलाई मासिक	रु. ११०	रु. १५०
ग	व्यापार व्यवसायीलाई मासिक	रु. ८०	रु. १००
घ	घरधनीलाई र पुरै घर भाडामा बस्ने लाई मासिक	रु. ११०	रु. ११०
ङ	भाडामा वस्ने प्रत्येक लाई मासिक	रु. ५५	रु. ५५
च	त्यस बाहेककालाई मासिक	रु. ३५	रु. ३५
छ	मेडिकल/किल्निक	रु.०	रु. १५०
ज	निजि विद्यालय	रु.०	रु. १५०
झ	रिसोर्ट/क्यासिनो	रु.०	रु. ५००

- जरिवाना १० प्रतिशत ।

साथै न्यूनतम मासिक रु २५,०००/- का दरले ठेक्का वन्दोवस्ती गरिनेछ ।

अनुसूची - २ "ख"

ऐनको दफा २ (२) “ख” सँग सम्बन्धित

सरसफाई सम्बन्धी शुल्कः

क. संजिवनी अस्पताल पुर्व तर्फ रहेको सार्वजनिक शौचालयलाई वासपिट निर्देशिका अनुसार संचालन गर्न तथा पानी बिजुली लगायतका चालु खर्चहरु समेत निज व्यवसायीले नै व्यहोर्ने गरि फर्म तथा व्यक्ति मार्फत मासिक रु. ५००/- (पाँच सय) का दरले ठेक्का लगाइनेछ ।साथै शौचालय प्रयोग वापत देहाय बमोजिमको शुल्कः लिने निर्णय गरियो।

क. दिसा रु. १० रुपैया (पटके)

ख. पिसाव रु. ५ रुपैया (पटके)

ख. चालु आर्थिक बर्षमा चन्द्रौटा हाट बजारमा रहेको शौचालय व्यवस्थापनको सम्पूर्ण कार्य पालिकाबाट गर्ने र आगामी आर्थिक बर्षदेखि शौचालय,बिद्युत,खानेपानी तथा सरसफाई लगायतको व्यवस्थापकीय सम्पुर्ण जिम्मेवारी बजार संचालन गर्ने ठेकेदार पक्षले व्यहोर्नु पर्नेछ ।

अनुसूची - ३
ऐनको दफा ३ सँग सम्बन्धित
सेवा शुल्क तथा दस्तुर सम्बन्धीः

१. शिवराज नगरपालिकाको सेवा क्षेत्र भित्र रहेका तपसिलका ताल तलैया र पोखरीहरुलाई प्रति कठ्ठा मु.अ. कर वाहेक वार्षिक रु. २,५०० (दुई हजार पाच सय मात्र) का दरले न्यूनतम पाँच वर्षका लागि ठेक्का वन्दवस्ती गरिनेछ ।

तपसिलः

क्र.स.	ताल तलैया र पोखरीको ठेगाना	ईकाई	क्षेत्रफल	दर	रकम	कैफियत
१.	सोनपुर पोखरी शिवराज - १ कपिलवस्तु	कठ्ठा	८४	२,५००/-	२,१०,०००/-	कठ्ठा - ८,३२,३२ र १२ गरी जम्मा - ८४
२.	बालापुर पोखरी शिवराज - २ कपिलवस्तु	कठ्ठा	२०	२,५००/-	५०,०००/-	वडा कार्यालय किनार
३.	मोतिनगर पोखरी शिवराज - ६ कपिलवस्तु	कठ्ठा	६	२,५००/-	१५,०००/-	
४.	धर्मनगर पोखरी शिवराज - ६ कपिलवस्तु	कठ्ठा	७	२,५००/-	१७,५००/-	स्कुल पुर्व
५.	विसुनपुर पोखरी शिवराज - ८ कपिलवस्तु	कठ्ठा	१६	२,५००/-	४०,०००/-	वडा कार्यालय पश्चिम
६.	शितलापुर पोखरी शिवराज - १० कपिलवस्तु	कठ्ठा	१७	२,५००/-	४२,५००/-	कठ्ठा- ७.५,२.५,४.५ र २.५ गरी जम्मा - १७

२. आवादी क्षेत्रको नदिजन्य पद्धार्थ ठेक्का वन्दोवस्तीका सम्बन्धमा लुम्बिनी प्रदेशको वातावरण संरक्षण नियमावली, २०७७ अनुसूची २ (नियम ३ संग सम्बन्धित) को दफा (ग) खानी क्षेत्रको उपदफा ७ मा भएको व्यवस्था बमोजिम हुने गरी यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, २०८१ को शिवराज नगरपालिका भएर बग्ने सुरही खोला अन्तर्गत विल्लाहवा, देवीपुर, पकडी घाट र गौरिया घाट तथा शिवराज नगरपालिका भएर बग्ने चिराई खोला अन्तर्गत देवीस्थान मन्दिर आसपास र पातिफाल्ने जाने बाटो (घाट मुनि) खोला बीचको खोला किनारबाट ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् तथा संकलन सम्बन्धि कार्यको ठेक्का वन्दोवस्ती देहाय बमोजिम हुने गरि ठेक्का लगाउने।

क. शिवराज नगरपालिका भएर बग्ने चिराई खोला अन्तर्गत देवीस्थान मन्दिर आसपास र पातिफाल्ने जाने बाटो (घाट मुनि) खोला बीचको खोला किनारबाट ढुङ्गा, गिट्टी र बालुवा उत्खनन्

		लोकेशन		उत्खनन् योग्य परिमाण (घ.मि.)					
क्र.स.	स्थान	अक्षांस	देशान्तर	क्षेत्रफल	गहिराई	खुद उत्खनन् योग्य परिमाण (घ.मि.)	निकासी मार्ग	निकासी पोइन्ट	उत्खनन् गर्ने वस्तु
१	देविस्थान	२७°४०'५५.९४"N	८२°४७'२५.२९"E	४५४२४	०.४६	२०८९५.०४	देवीस्थान घाट	२७°४१'२६.५१"N ८२°४७'९"E	ढुंगा, गिट्टी र बालुवा
२	पातिफाल्ने	२७°४१'५.१०"N २७°४१'४.५८"N	८२°४७'२४.६५"E, ८२°४७'२३.१०"E	२७१८३	०.४४	११९६०.५२	चिराई खोला पातिफाल्ने मार्गको निकासी	२७°४१'२५.७२"N ८२°४७'७.८९"E	
कुल फाल्गुण २०८२ देखि जेष्ठ २०८३ मसान्त सम्म (११० दिन)						३२८५५.५६			
प्रति दिन						२९८.६९			
रकम						३२८५५.५६ X २८२.४८ = ९२८१०३८.५८			
मु.अ.कर @ १३%						= १२०६५३५.०१			
कुल जम्मा रकम						**= १०४८७५७३.६०**			

ख. शिवराज नगरपालिका भएर बग्ने सुरही खोला अन्तर्गत विल्लाहवा, देवीपुर, पकडी घाट र गौरिया घाट खोला बीचको खोला किनारबाट ढुङ्गा, गिट्टी र बालुवा उत्खनन्

		लोकेशन		उत्खनन् योग्य परिमाण (घ.मि.)					
क्र.स.	स्थान	अक्षांस	देशान्तर	क्षेत्रफल	गहिराई	खुद उत्खनन् योग्य परिमाण (घ.मि.)	निकासी मार्ग	निकासी पोइन्ट	उत्खनन् गर्ने वस्तु
१	विल्लाहावा १	२७°३५'४२.०२"N	८२°४९'४९.७२"E	३५६५	०.३४	१२१२.१०	विल्लाहावा नाका	२७°३५'४०.६९"N ८२°४९'४९.९६"E	बालुवा
२	विल्लाहावा २	२७°३५'३७.१२"N, २७°३५'२९.०३"N	८२°४९'४७.८३"E, ८२°४९'४५.९७"E	१५२७१	०.४०	६१०८.४०			
३	देवीपुर १	२७°३६'४०.०९"N, २७°३६'३६.५९"N, २७°३६'३७.००"N	८२°४९'४०.८०"E, ८२°४९'४३.५९"E, ८२°४९'४४.०४"E	१२२०६	०.४०	४८८२.४०	देवीपुर घाटको नाका	२७°३६'४२.७६"N ८२°४९'४०.९८"E	
४	देवीपुर २	२७°३७'०.०६"N, २७°३६'५४.१३"N	८२°४९'३२.३४"E, ८२°४९'३३.२१"E	१३७७६	०.३५	४८२१.६०			
५	पकडी घाट १	२७°३७'३७.०१"N	८२°४९'३४.३१"E	१०८७९	०.३४	३६९८.८६	पकडी घाटको नाका	२७°३७'३७.३१"N ८२°४९'३४.८७"E	
६	पकडी घाट २	२७°३७'२२.०९"N, २७°३७'१२.९०"N	८२°४९'३७.६१"E, ८२°४९'४०.८३"E	१८०९८	०.३२	५७९१.३६			
७	गौरिया	२७°३८'१२.७६"N	८२°४९'२९.८७"E	१९२५७	०.३३	६३५४.८१	गौरिया	२७°३८'२०.९१"N ८२°४९'२९.०९"E	
कुल फाल्गुण २०८२ देखि जेष्ठ २०८३ मसान्त सम्म (११० दिन)						३२८६९.५३			

प्रति दिन	२९८.८१
रकम	३२८६९.५३ X २८२.४८ = ९२८४९८४.८३
मु.अ.कर @ १३%	= १२०७०४८.०२
कुल जम्मा रकम	= **१०४९२०३२.८६**

३. शिवराज नगरपालिका क्षेत्रभित्र रहेका पुराना घरनक्सा पाँसको सम्बन्धमा ५० प्रतिशत जरिवाना लिई अन्तिम पटकका लागि २०८३ बैशाख मसान्त सम्म घर नक्सा अभिलेखिकरण गर्ने र डिही ब्लक जग्गामा बनेका घरहरुको सम्बन्धमा अर्को सूचना नहुदा सम्मका लागि नियमित अभिलेखिकरण गर्ने साथै घर नक्सापास दस्तुरमा एकरुपता कायम कायम गर्नका लागि तपसिल बमोजिम हुने गरी व्यवस्था मिलाउने ।

तपसिलः

नक्सा पास दस्तूर

आवसिय प्रयोजनको लागि

क) आर.सि.सि. तथा लोड वेयरिङ्ग भएका भवनमा

सि.नं.	विवरण	नक्सा पाँस दस्तुर प्रति वर्ग फिटका दरले	कैफियत
१	भूमिगत तल्ला		
	१००० वर्ग फिट भन्दा थोरै	२.५०	
	१००० वर्ग फिट भन्दा धेरै	३.००	
२	भुइतल्ला		
	१००० वर्गफिट भन्दा थोरै	३.५०	
	१००० वर्गफिट भन्दा धेरै	४.००	
३	पहिलो तला		
	१००० वर्गफिट भन्दा थोरै	४.००	
	१००० वर्गफिट भन्दा धेरै	४.५०	
४	दोस्रो तला		
	१००० वर्गफिट भन्दा थोरै	४.५०	
	१००० वर्गफिट भन्दा धेरै	५.००	
५	तेस्रो तला		
	१००० वर्गफिट भन्दा थोरै	५.००	
	१००० वर्गफिट भन्दा धेरै	५.५०	
६	चौथो तला		
	१००० वर्गफिट भन्दा थोरै	५.५०	
	१००० वर्गफिट भन्दा धेरै	६.००	
७	चौथो तला भन्दा माथी	८.००	
ख) आर.सी.सी. बाहेकका भवनमा			

क्र.सं.	विवरण	दस्तुर	कैफियत
१	कृषि प्रयोजनका लागि (पोल्ट्री फर्म, गोठ) सि.जी.आई छाना भएका प्रति वर्ग फुट	रु. २.५०	
२	ईट्टा, ढुङ्गा, ब्लक सिमेन्टको गाह्रो टिन वा टाइलको छाना प्रति घर	रु. ५००	
३	ईट्टा, ढुङ्गाको गाह्रो माटोको जोडाई टिन वा टायलको छाना प्रति घर	रु. ५००	
४	ट्रसमा टिनको छाना प्रति घर	रु. ५००	
५	अस्थायी कच्ची घर टाटीले बारेको प्रति घर	रु. २००	
२. औद्योगिक/व्यापरिक प्रयोजनको लागी			
ग) आर.सि.सि. तथा लोड वेयरिङ्ग भएका भवनमा			
सि.नं.	**विवरण**	**नक्सा पाँस दस्तुर प्रति वर्ग फिटका दरले**	**कैफियत**
१	भूमिगत तल्ला		
	१००० वर्ग फिट भन्दा थोरै	४.००	
	१००० वर्ग फिट भन्दा धेरै	५.००	
२	भुइतल्ला		
	१००० वर्गफिट भन्दा थोरै	६.००	
	१००० वर्गफिट भन्दा धेरै	७.००	
३	पहिलो तला		
	१००० वर्गफिट भन्दा थोरै	७.०	
	१००० वर्गफिट भन्दा धेरै	९.०	
४	दोस्रो तला		
	१००० वर्गफिट भन्दा थोरै	८.०	
	१००० वर्गफिट भन्दा धेरै	९.०	
५	तेस्रो तला		
	१००० वर्गफिट भन्दा थोरै	९.०	
	१००० वर्गफिट भन्दा धेरै	१०.०	
६	चौथो तला		
	१००० वर्गफिट भन्दा थोरै	१०.०	
	१००० वर्गफिट भन्दा धेरै	११.०	
७	चौथो तला भन्दा माथी	२४.०	
घ) आर.सी.सी. बाहेकका भवनमा			

क्र.सं.	विवरण	नक्सा पाँस दस्तुर प्रति वर्ग फिटका दरले	कैफियत
१	फ्याक्ट्री र गोदाम घर प्रयोजनका लागि सि.जी.आई छाना भएका प्रति वर्ग फुट	६.०	
२	ईट्टा, ढुङ्गा, ब्लक सिमेन्टको गाह्रो टिन वा टाइलको छाना प्रति घर	३.०	
३	ईट्टा, ढुङ्गाको गाह्रो माटोको जोडाई टिन वा टायलको छाना प्रति घर	२.५	
४	बाउण्डरी वाल	२.५	

प्रमाणिकरण मितिः २०८२/०९/२०

आज्ञाले,
पिताम्बर पाण्डे,
प्रमुख प्रशासकीय अधिकृत